**<u>एड्भोकेसी फोरमबाट महासेनानी बस्नेतको बढुवा विरोध</u>**
**<u>द्वन्द्वमा मुछिएका सबैको बढुवा रोक्न माग</u>**

# प्रेस नोट

मिति : २०६९।६।१९

एडभोकेसी फोरमले गम्भीर मानवअधिकार उल्लंघन अपराधका दोषी ठहरिएका नेपाली सेनाका महासेनानी राजु बस्नेतलाई सहायक रथीमा बढुवा गरेकोमा आपत्ति प्रकट गरेको छ ।

एड्भोकेसी फोरमका निर्देशक डा. हरिबंश त्रिपाठीले शुक्रबार बिज्ञप्ति जारी गरी यो निर्णयले सरकार एकपछि अर्को गर्दै द्वन्द्वका घटनामा गम्भीर मानवअधिकार उल्ल्घनमा मुछिएकालाई सुनियोजित र योजनाबद्ध रूपमा पूर्ण क्षमादान दिन लागिपरेको पुष्टि भएको बताउनुभएको छ ।

“सशस्त्र द्वन्द्वकालमा काठमाडौंस्थित भैरबनाथ गणको गणपति हुँदा हिरासतमा राखिएका ४९ जना व्यक्ति बेपत्ता पारेको र सयौंलाई चरम शारीरिक यातना दिएकोमा राष्ट्रिय मानवअधिकार आयोग र राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालय (ओएचसीएचआर) ले अनुसन्धानबाट दोषी ठहर गरी कारबाहीका लागि सिफारिस गरेकोमा कारबाहीको सट्टा सरकारले बढुवा गरेर पुरस्कृत गरिनुले दण्डहिनता पूर्ण रूपमा संस्थागत भएको पुष्टि हुन्छ,” विज्ञप्तिमा भनिएको छ । “सरकारको यो निर्णय शान्ति सम्झौता तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनको मर्मविपरीत हुनुका साथै भर्त्सनायोग्य छ ।”

एकातिर, द्वन्द्वकालको बेपत्ता लगायतका घटनाको सम्बोधन गर्न भन्दै अध्यादेशमार्फत सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता खोजबिनसम्बन्धी आयोगको विधेयक राष्ट्रपति समक्ष गर्ने अर्कोतिर, द्वन्द्वकालै सर्वपरिचित भैरबनाथ घटनामा संलग्नलाई बढुवा गरेर सरकारले दोहोरो चरित्र देखाइरहेको एड्भोकेसी फोरमको ठहर छ ।

सशस्त्र द्वन्द्वमा गम्भीर मानवअधिकार उल्लंघनमा संलग्नलाई उन्मुक्ति कुनै पनि हालतमा नस्वीकार्ने बताउंदै एडभोकेसी फोरमले सशस्त्र द्वन्द्वका यस्ता विषयमा सक्षम र निष्पक्ष कानुनी संयन्त्रबाट टुंगो नलागेसम्म मानवअधिकार उल्लंघनमा संलग्न अधिकारीहरूको बढुवा रोक्न माग समेत गरेको छ ।